**बैठक संख्या ४**

मिति २०७७।१।१२ गते श्रीमान प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. सहायक प्र.जि.अ. श्री दिलिपप्रसाद लामिछाने, जिल्ला प्रशासन कार्यालय भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

**छलफलका विषयहरु**

१. कोभिड १९ को हालको अवस्थाको समीक्षा
२. बजार व्यवस्थापन
३. विकास व्यवस्थापन र सहजीकरण
४. विविध

**निर्णयहरु**

१. कोरोना संक्रमणको जोखिम रोकथाम, नियन्त्रण का लागि अस्पतालहरुमा दैनिक रुपमा चेकजाँच भइरहेको, हाल सम्म चैत्र १ गते २०७६ भन्दा पछाडि नेपाल प्रवेश गरेका ४११ पहिचान भएको ३६१ को परीक्षण गरिएको सवैको रिपोर्ट नेगेटिभ रहेको, भक्तपुरमा रहेका ९ जना मुसलमानहरुको परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको संकास्पद व्यक्तिहरुको खोजीको कामलाई निरन्तरता दिने।
२. स्थानीय तह, सुरक्षा निकाय र घरेलु तथा साना उद्योग कार्यालय मार्फत आपूर्ती व्यवस्थापन सहज वनाउन बजार अनुगमन भैरहेको। घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखको संयोजकत्वमा गठीत आपूर्ती व्यवस्थापन सहजीकरण समितिको कामलाई अझ ससक्त पार्ने।
३. विकास निर्माण सहज गराउन विकास निर्माणका आयोजनाहरुलाइ सहजीकरण गर्दै पास वितरण गरिएको। जिल्लामा हुने विकास निर्माणको गतिविधिका कुनैपनि काममा वाधा अवरोध आउन नदिन जिल्ला समन्वय अधिकारीले समन्वय गर्ने।
४. भक्तपुर जिल्लामा रहेका ईँटाभट्टामा कार्यरत तथा अन्य मजदुरहरुलाई घर पठाउन घर भएकै स्थानीय तह तथा जिल्ला र माननीयहरुको अनुरोधमा समन्वय गरी करिव ५० हजारलाई फिर्ता पठाइएको। बाँकी करिव ३ हजार नेपाली र करिव ३ हजार भारतीयको सन्दर्भमा रोजगारदाता संग समन्वय गरी आवश्यक निर्णय गर्ने।
५. जिल्लामा कृषकले बाली उठाउने र बाली लगाउने समय भएकोले हुँदा यस अवस्थामा वीउ विजन, मल तथा कृषि उपकरण र जनशक्तिको सहज पहुँचका लागि जिल्ला कृषि कार्यालयका प्रमुखले संयोजन गर्ने।